## मिति २०८३-०३- २८ गतेको १० औं नगर सभा अधिवेशन दोस्रो वैठकका निर्णय

१. हरिवन नगरपालिकाको आर्थिक ऐन, २०८३ पारित गर्ने निर्णय गरियो।

२. हरिवन नगरपालिकाको विनियोजन ऐन, २०८३ पारित गर्ने निर्णय गरियो।

३. हरिवन नगरपालिकाको वित्तीय उत्तरदायित्व ऐन र नियमावली २०८३ पारित गर्ने निर्णय गरियो।

४. हरिवन नगरपालिकाको आ.व.०८३/८४ को राजश्व र व्ययको अनुमान र बार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

५. कर्मचारीहरुको मनोबल उच्च बनाउदै सेवा प्रति थप लगनशील बनाउन आ.व ०८३/८४ बाट यस नगरपालिका मातहत कार्यरत शिक्षक,कर्मचारीको पारिश्रमिक सम्बन्धमा देहाय बमोजिम निर्धारण गर्ने निर्णय गरियो।

| कर्मचारी विवरण | प्रस्तावित पारिश्रमिक रु. | कैफियत |
|---|---|---|
| स्वीकृत स्थायी दरबन्दीमा कार्यरत कर्मचारी | नेपाल सरकारले निर्धारण गरे बमोजिम | |
| अ.हे.व.\अ.न.मी. | ३३००० | आधारभूत स्वास्थ्य केन्द्र |
| कार्यालय सहयोगी | २५००० | आधारभूत स्वास्थ्य केन्द्र |
| कार्यालय सहायक चौथो | २७००० | वडा कार्यालय करार |
| विद्यालय नर्स \स्टाफ नर्स | ३४७३० | कार्यक्रम |
| चाडपर्व खर्च | | न्युनतम/शुरु तलब बराबर |
| पोशाक भत्ता | १०००० | प्रत्येक चैत्र महिनामा |
| नगर अनुदान नि.मा.शि | २२००० | |
| नगर अनुदान प्रा.शि | २०००० | |
| बालविकास सहजकर्ता | १९००० | |
| विद्यालय सहयोगी | १९००० | |
| विद्यालय सहायक | २१००० | |
| सांकेतिक भाषा प्रशिक्षक | १७००० | |
| नगर प्रहरी बल प्रोत्साहन कार्य सम्पादनमा आधारित | | शुरु तलब स्केलको |

६ . यस नगरपालिकाको ९ औ नगर सभा पश्चात हालसम्म बसेका नगर कार्यपालिका बैठकका सम्पूर्ण निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

७. स्वीकृत दरबन्दी र सशर्त अख्तियारी कार्यक्रम बमोजिम २०८३ असारसम्म करारमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनको आधारमा आगामी आर्थिक बर्षमा करार नवीकरण गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

८. नगर सभाको अधिवेशन नभएको अवस्थामा सभाको सम्पूर्ण अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो।

९. साक्षर नेपाल अभियान अन्तर्गत न्यूनतम् मापदण्ड पुरा गरेको हुँदा यस हरिवन नगरपालिकालाई आजको मितिबाट साक्षर भएको निर्णय गरियो।

१०. यस नगरपालिका मातहत सञ्चालन हुने तालिम, गोष्ठी, सेमिनार, अभिमुखिकरण/क्षमता विकास कार्यक्रम आदि र अनुगमन तथा वैठक सम्बन्धी खर्चको दररेट चालू आ.व बमोजिम कायम गर्ने निर्णय गरियो।

११. नगर सभाको चालु अधिवेशन आज मिति २०८३-२८ गते अपरान्ह ५:०० बजे अन्त्य गर्ने निर्णय गरियो।

नगर कार्यपालिकाको कार्यालय
हरिवन, सर्लाही

## हरिवन नगरपालिकाको १० औ नगर सभा अधिवेशनको वैठकमा प्रस्तुत् आगामी आर्थिक वर्षको नीति कार्यक्रमको सार संक्षेप

१. महिला बालबालिका जेष्ठ नागरिक तथा यौनिक अल्प संख्यकको हक अधिकार सुनिश्चित गर्न आवश्यक कदम चालिनेछ।

२. आ.व.०८३/८४ भित्र हरिवन नगरपालिकालाई बाल श्रम मुक्त र बाल विवाह मुक्त नगरपालिका घोषणा गरिनेछ।

३. पोषणमैत्री पूर्ण खोप सुनिश्चित तथा दिगोपन कायम, क्षयरोग मुक्त पालिका जस्ता जनस्वास्थ्य सम्बन्धि कार्यक्रम अभियानको रुपमा संचालन गरिनेछ।

४. सडक आपेक्षी मानव मुक्त तथा योगमय नगरपालिका घोषणा भई कार्यान्वयन भईरहेको यस नगरपालिका साक्षर नेपाल अभियान बमोजम न्यून्तम मापदण्ड पुरा भएकोले आजेका मिति देखि साक्षर नगरपालिका घोषणा गरिएको छ।

५. सार्वजनिक खरीदलाई थप व्यवथित बनाइनेछ। सबै वडा कार्यालय, विषयगत शाखा र स्वास्थ्य संस्थामा कार्यदक्षतामा आधारित खरिद इकाई गठन गरिनेछ। त्यस इकाइले नगर स्तरीय खरिद समितिको समन्वयमा तोकिएको बस्तु र सेवा खरिदको प्रारम्भ गर्न सक्नेछ।

६. पारदर्शितालाई उच्च प्राथकिता प्रदान गरिनेछ। नगर कार्यपालिका र सभाका तथा अन्य प्रत्यक्ष जन सरोकारका निर्णयहरु नगरपालिकाको वेबसाइट तथा अन्य माध्यमबाट समयमै सार्वजनिक गरिनेछ ।

७. बिकास निर्माण तथा सेवा प्रवाहमा सामुदायिक तथा निजि क्षेत्रको सहकार्यमा जोड दिई सार्बजनिक निजि साझेदारिलाई प्रवर्धन गरिनेछ ।

८. वातावरण संरक्षण र जलवायु अनुकुलनलाई मध्येनजर गरि बिबिध कार्यक्रम गरिनेछ। घर नक्सा पास गर्दा एक घर न्युनतम दुइ रुख रोपेको सुनिश्चित भएमा तोकिएको राजश्व रकम छुट दिइनेछ।

९. कृषि आधुनिकिकरणमा जोड दिने नीति लिइनेछ। अर्गानिक खेति, आइ.पी.एम, रैथाने बालि प्रवर्धन जस्ता क्रियाकलाप थप प्रभावकारी बनाई संचालन गरिनेछ।

१०.तावरण संरक्षण, हरितगृह ग्यासको प्रभाव न्यूनीकरण गर्न बर्षाको पानी संकलन, संरक्षण पोखरी निर्माण, जलाशय संरक्षण, वृक्षारोपण जस्ता गतिविधि सञ्चालन गरिनेछ।

११.हरिवनको मौलिक पहिचानको रुपमा रहेका आँप, गोलभेंडा जस्ता कृषि उपजको ब्राण्डिङ् र उचित बजारीकरणमा आवश्यक सहजीकरण गरिनेछ।

१२.दुग्ध तथा मासुजन्य उत्पादन प्रबर्धनका हेतु उन्नत जातको गाईभैसी र पाडा पालन गर्ने सहकारी, समूह र किसानलाई दिइने प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३.बिकासको मेरुदण्ड मानिने सडक र यातायात पूर्वाधारको विकासमा प्राथमिकता दिइनेछ। कालोपत्रे र ढलान सडक निर्माण तथा मर्मतमा जोड दिइनेछ।

१४.सुचना प्रविधिको उच्चतम प्रयोगमा जोड दिंदै डिजिटल गभरनेंसलाई प्रवर्धन गरिनेछ।

१५.नगर अस्पतालबाट चौविसै घण्टा प्रदान हुँदै आएको स्वास्थ्य सेवालाई निरन्तरता दिइनेछ साथै शल्यक्रिया र ब्लड बैङ्क सहितको बिशेषज्ञ सेवाको विस्तार गरिनेछ। हरिवन स्वास्थ्य चौकीमार्फत प्रदान हुँदै आएको विशेषज्ञ सहितको ३६५ दिने सेवा र प्रयोगशालालाई व्यवस्थित बनाउन आवश्यक पहल गरिनेछ। आगामी आ.व. भित्र बाँकी रहेका दुई स्वास्थ्य चौकीहरुमा क्रमशः प्रयोगशालामार्फत सेवा विस्तार गरिनेछ।

१६.शिक्षक तथा कर्मचारी सरुवालाई निश्चित मानकमा आधारित तथा अनुमानयोग्य बनाउन आवश्यक मापदण्ड तर्जुमा गरि लागू गरिनेछ।

१७.टोलबस्ति स्तरबाट सहभागितामूलक योजना तर्जुमा प्रणालीलाई संस्थागत गरिनेछ साथै योजना बैंकको अवधारणा व्यवहारमा उतार्न प्रारम्भ गरिनेछ।

१८.आर्थिक बर्षको अन्त्यमा उच्च रकम बजेट खर्च गर्ने परिपाटीलाई निरुत्साहित गर्न आगामी आ. व. को प्रथम त्रैमासिक भित्रै बजेट त्रैमासिक कार्यविभाजन गरि कार्य गर्न शुरुवात गरिनेछ।

१९.नेपाल सरकार बाट निशुल्क उपलब्ध हुने बाहेक जनतालाई अत्यावश्यक मधुमेह, रक्तचाप, थाइराइड, दम, मुटुरोग जस्ता कडा रोगका औषधि निशुल्क उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ।

२०.सार्वजनिक खरिदलाई प्रतिस्पर्धी र मितव्ययी बनाउन विद्युतीय माध्यमबाट गरिने खरिदलाई थप प्रभावकारी एवम् व्यवस्थित बनाइनेछ ।

२१.सार्बजनिक निजि साझेदारी मार्फत सामुदायिक माध्यमिक विद्यालयहरुमा यातायात सेवा सञ्चालन गर्ने नीति लिइनेछ। उक्त सेवा मार्फत सावजनिक विदा र अतिरिक्त समयमा आवश्यकता अनुसार सार्वजनिक स्थानीय महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ

हरिवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय हरिवन, सर्लाही मधेश प्रदेश, नेपाल

नागरिक र विद्यार्थीलाई विशेष सहुलियत बाहेक आम नागरिकले तोकिएको भाडा तिर्नेगरी) नगर यातायात सेवा सञ्चालनको प्रारम्भ गरिनेछ।

२२. शुद्ध पिउने पानी र कृषि मिटर महशुलमा प्रदान गरिदै आएको अनुदान रकमलाई निरन्तरता दिइनेछ।

२३. नेपाल सरकार र मधेस प्रदेश सरकारबाट जारि भएको नीति स्थानीयकरण गर्दै कार्यन्वयनमा सहकार्य गरिनेछ।

२४. हरिवन बजारलाई चलायमान बनाउनका लागि थप व्यवस्थित गर्दै लगिनेछ। आ.व. ०८३/८४ देखि मिना /गुदरी बजार ठेक्का नलगाउने र सो स्थानमा भौतिक संरचना निर्माण गरि व्यवसाय कर मार्फत राजस्व वृद्धि गरिनेछ।

२५. वैकल्पिक उर्जा प्रवर्धन केन्द्र संगको लागत साझेदारीमा संचालित स्वच्छ चुलो कार्यक्रम अन्तर्गत सुधारिएको चुलो, विद्युतीय चुलो र बायोग्यास प्रवर्धन कार्यक्रम प्रभावकारी भएकोले आगामी आ.व. मा सो कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२६. यस नगरपालिकाको संगठन संरचना र दरवन्दी परिमार्जन गरि प्रत्येक कर्मचारी र शाखा/उप शाखा /इकाई को कार्यविवरण तयार गरि पहिलो त्रैमासिक अवधि भित्रै लागू गरिनेछ।

२७. सामुदायिक विद्यालयमा सञ्चालित कक्षा ११ र १२ लाई प्रभावकारी र व्यवस्थित बनाउदै निशुल्क शिक्षा तर्फ अग्रसर गराईनेछ।

२८. यस नगरलाई पर्यटकिय नगरका रुपमा पहिचान बनाउन कैलाशपुरी, बनबाटिका, चतुर्भुजेश्वर मन्दिर, गणेशथान, अत्रौली गुम्बा, बिसौनी डाँडा रोशन स्मृति पार्क विलन्दि, बेल डाँडा पार्क लगायतका क्षेत्र/स्थानको पहिचान तथा प्रवर्द्धन गरिनेछ।

**आ.व.२०८३/०८४ को आय तथा व्ययको अनुमान**

**आय तर्फ**

| क्र.स. | शिर्षक | रकम |
|---|---|---|
| **१** | **संघीय सरकारबाट अनुदान** | **३९५९०००००.००** |
| १.१ | समानिकरण अनुदान | १२९२०००००.०० |
| १.२ | सशर्त अनुदान | २४६६०००००.०० |
| १.३ | विशेष अनुदान | १३१००००००.०० |
| १.४ | समपुरक अनुदान | ७००००००.०० |
| **२** | **राजश्व बाँडफाँडबाट प्राप्त रकम** | **१६४८८३०००.००** |
| २.१ | राजश्व बाँडफाँड संघ | ११५८८३०००.०० |
| २.२ | बाँडफाँड भई प्राप्त हुने घर जग्गा रजिष्ट्रेशन शुल्क | ४००००००.०० |
| २.३ | बाँडफाँड भई प्राप्त हुने सवारी साधन कर | ९००००००.०० |
| **३** | **प्रदेश सरकारबाट हस्तान्तरित अनुदान** | **२००७४०००.००** |
| ३.१ | समानिकरण अनुदान | ९०७४०००.०० |
| ३.२ | सशर्त अनुदान | ६००००००.०० |
| ३.३ | विशेष अनुदान | ३००००००.०० |
| ३.४ | समपुरक अनुदान | २००००००.०० |
| **४** | **आन्तरिक श्रोत** | **७१००००००.००** |
| ४.१ | कर र गैरकर राजश्व | ५१००००००.०० |
| ४.२ | नगद मौज्दात बचत | २०००००००.०० |
| | **कुल जम्मा** | **६५१८५७०००.००** |

**व्यय तर्फ**

| क्र.स. | शिर्षक | रकम |
|---|---|---|
| १. | नगरस्तरिय विभिन्न योजना तथा कार्यक्रम | ९६८५७०००.०० |
| २. | युवा, शिक्षा तथा खेलकुद | २०१००००००.०० |
| ३. | स्वास्थ्य तथा समाजिक विकास | १७९०००००.०० |
| ४. | कृषि विकास | ३७०००००.०० |
| ५. | पशु पंक्षी विकास | ४००००००.०० |
| ६. | रोजगार, महिला बालबालिका, सामी, वन तथा वातावरण, उद्धम, पञ्जिकरण र सूचना तथा सहकारी | ३१०००००.०० |
| ७. | नगर प्रमुख उपप्रमुख वडास्तरीय तथा कापा सदस्य | १३४५००००.०० |
| ८. | कार्यालय संचालन तथा प्रशासनिक खर्च | ९४००००००.०० |
| ९. | संघ तथा प्रदेश सरकारको सशर्त समपुरक तथा विशेष अनुदान | २७७७०००००.०० |
| | कुल जम्मा | ६५१८५७०००.०० |